पाँचखपन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वाना, संखुवासभा

## आ.व. ०७५/०७६ को

## नीति, कार्यक्रम तथा वजेट पुस्तिका

**यस दोस्रो नगर सभाका प्रमुख अतिथि ज्यू ,**
**विशिष्ट अतिथि ज्यूहरु.....।**

नेपाली जनताको ६ दशक भन्दा बढी समयको अथक प्रयास तथा वलिदानी स्वरुप २०६२/०६३ को गौरवशाली क्रान्तिको सफलताले आज नेपाल संघीय गणतन्त्रात्मक शासन प्रणालीमा प्रवेश गरेको छ । यस एतिहाँसिक घडीमा म लोकतान्त्रिक गणतन्त्र, संघियता, धर्म निरपेक्षता, समावेशिता, सामाजिक व्यय र समानताका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण आदरणीय शहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। साथै नेपाली राजनीतिका आदर्श धरोहरहरु विश्वेश्वर प्रसाद कोइराला, पुष्पलाल श्रेष्ठ, गणेशमान सिंह, मदन भण्डारी लगायतका व्यत्तित्वहरुलाई सम्मानपूर्वक स्मरण गर्न चाहान्छु ।

आज यस गरिमामय एवं ऐतिहासिक दोश्रो नगरसभामा यहाँहरुलाई सम्वोधन गर्न पाउँदा मैले आफुलाई गौरवान्वीत महशुस गरेको छु । यस क्षणमा म सम्पूर्ण नगरवासी दाजुभाई, दिदीवैनी, वुद्धिजीवी, शिक्षक कर्मचारी, पत्रकार नागरिक समाज तथा विभिन्न संघ संस्थाहरुमा आवद्ध महानुभावहरु मा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साविक जलजला, वाना र स्याबुन गाविस रहँदाको अवस्थामा यस क्षेत्रको आर्थिक विकास निर्माणको क्षेत्रमा योगदान पुऱ्याउनुहुने आदरणीय नेतृत्वगण, साथै नगरपालिका स्थापनाका लागि उल्लेख्य भूमिका निर्वाह गर्नुहुने आदरणीय व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । यस नगरको विकास निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नुहुने सम्पूर्ण राजनैतिक दलका नेता, कार्यकर्ता, समाजका अगुवा तथा आम जनसमुदायमा हार्दिक धन्यवाद दिन चाहान्छु। हामीले सवैखालका निरंकुशताका विरुद्ध लड्दै आज मूलुकलाई एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको रुपमा स्थापित गरेको सन्दर्भमा आज हामी आर्थिक समृद्धि, समाज परिवर्तन, अनि नयाँ सम्वृद्ध नेपाल निर्माणको महान अभियानमा जुटेका छौं । यसै सन्दर्भमा आज हामी पाँचखपन नगरवासी ऐतिहासिक क्षणमा यहाँ भेला भएका छौं । तसर्थ नगरको सम्वृद्धिका खातिर, विकासका खातिर, परिवर्तनका खातिर आफ्ना अमूल्य समय दिनुभएकोमा हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नुभएकोमा म नगरप्रमुखको तर्फवाट हार्दिक स्वागत गर्न चाहान्छु ।

पाँचखपन नगरपालिकामा विद्यमान धार्मिक, जातीय, भाषिक तथा जैविक विविधता विकासका निम्ती विविध दृष्टिकोणवाट हेर्ने हो भने अनुकुल रहेको कुरा स्वतःसिद्ध छ । यातायात संजालको वर्तमान अवस्था तथा भविष्यको सम्भाव्यताले हाम्रो नगरपालिकको सम्वृद्धि तथा विकासका लागि अवसरहरु थपेको छ । हालको वाना लिङलिङ तुम्लिङटार, वाना लिङलिङ खाँदवारी, चैनपुर वाह्रविसे हुँदै कोशी लासा राजमार्गको वैकल्पिक चैनपुर वाह्रविसे करिडोर साथै तुम्लिङटार वाना चुङ्खुरुङ भालुखोप हुँदै सभापोखरी जाने सडकका कारण यो नगरपालिकाको भविष्य उज्वल छ भन्ने कुरा प्रष्ट हुन्छ । यी विशिष्ट संभाव्यताहरुको कारणले पाँचखपन नगरपालिका व्यापारिक, व्यवसायिक, पर्यटकीय दृष्टिकोणले वसोवास योग्य हरित सहर नगरको रुपमा विकसित हुने प्रचुर संभावना रहेको छ । कृषिजन्य उत्पादन, वन पैदावारका कारणले उच्च पहाडी क्षेत्र देखि वेंसि तथा खोंचहरुमा उत्पादन हुन सक्ने संभावना रही आएको छ ।

यी तमाम संभावनाहरुको वावजुत कमजोर भौतिक पुर्वाधार सिमित श्रोत साधन, अशिक्षा, सिंचाइको समस्या, खानेपानीको समस्या नगर विकासको प्रमुख चुनौतीको रुपमा रहेको छ । यसर्थ तमाम समस्याहरुको समाधान गरी हराभरा नगर, विभेद रहित र समावेशी समाज तथा विकासका माध्यमवाट समुन्नत सम्वृद्धि पाँचखपन निर्माणको अभियानको थालनी गर्नू आजको मूख्य कर्तव्य हो भन्ने मलाइ लाग्छ । तसर्थ पाँचखपनको समग्र विकास र सम्वृद्धिको लागि संघीय सरकार, प्रदेश सरकार र निजी क्षेत्रका लगानीकर्ताहरु, दातृनिकायहरु लगायत सम्पूर्ण नगरवासीहरुको ध्यानाकर्षण गर्दै सहयोग को अपेक्षा गर्दछु र सम्वद्ध सवैमा रचनात्मक सुझाव

सल्लाहको अपेक्षा सहित यहाँहरुको सवैखाले सकरात्मक र रचनात्मक सुझाव सल्लाह सधैं ग्रहण गरिने व्यहोरा निवेदन गर्दछु ।

वर्तमान सन्दर्भमा पूर्वाधारको तिव्र विकास गर्नु हाम्रो कार्यभार बनेको छ । तसर्थ हाम्रो योजना कार्यक्रम र वजेट प्रक्षेपण गरी रहदा यस तर्फ ध्यान केन्द्रित गर्ने आवश्यक देखिएको छ । पाँचखपन भित्रका सवै क्षेत्रमा पूर्वाधार विकासका कार्यलाई सन्तुलित ढंगले अगाडि बढाउन पनि त्यतीकै आवश्यक देखिएको यर्थाथता म यहाँ निवेदन पेश गर्न चाहान्छु । हाल वाना विहिबारे क्षेत्रमा शहरीकरण प्रक्रिया अगाडि बढेको छ । यो प्रक्रियाबाट शुरु भएका चुनौतीहरु हामीले समयमै व्यवस्थीत गर्न सकिएन भने यसले भोलिका दिन सृर्जना गर्ने विविध समस्याहरु झनै जटील बन्दै जानेछन् । हामीले सवै चुनौती र समस्याको समाधान गर्न पर्याप्त स्रोत र साधनले सम्पन्न नभएपनि सन्तुलित विकासका निम्ती गंभिर छौ । यस ऐतिहासिक घडीमा पाँचखपन नगरपालिकको यथार्थतता स्थिती, नीति तथा कार्यक्रमका सन्दर्भमा म यहाहरु माझ केही महत्वपूर्ण कुराहरु प्रस्तुत गर्न अनुमति चाहान्छु ।

नगरपालिकाको परिचयः

यस नगरपालिकाको उत्तरतर्फ सभापोखरी गाँउपालिका दक्षिण तर्फ चैनपुर नगरपालिका तथा खाँदवारी नगरपालिका र सभापोखरी गाँउपालिका सँग यस नगरपालीकाको सिमाना सँग जोडिएको छ । नगरपालिकाको उत्तरीक्षेत्र अर्न्तगत अग्ला पहाड, जगंल तथा ब्याङ्ग्रे डाडा, साउने चुली जस्ता पर्यटकीय दृष्टिले सम्भावना वोकेको क्षेत्रहरु पर्दछन् । यस क्षेत्रमा जडिबुटी वन्यजन्तु जस्तै रेडपान्डा, डाफे आदिको वासस्थान रहेको क्षेत्र हो । यस क्षेत्रमा अलैची, चिरैतो, सतुवा, यार्सागुम्बा, चिया खेतीका लागि अनुकुल रहेको छ । त्यस्तै दक्षिण क्षेत्रमा खेतीयोग्य उर्वराभूमि बेसीहरु रहेका छन् । जहाँ व्यवस्थित ढंगबाट अन्नवाली ब्यवसायिक रुपमा सञ्चालन गर्न सकिन्छ । यी क्षेत्रहरु फलफूल तरकारी, माछा पालन आदिको दृष्टिबाट प्रचुर मात्रामा सम्भावना वोकेको क्षेत्रहरु हुन । साथै नगरपालिकाको तल्लो क्षेत्रमा रुदाक्ष खेतीका लागि पनि त्यतिकै अनुकुल रहेको छ ।

नगरपालिका भित्र धार्मिक दृष्टिकोणबाट हेर्दा पनि महत्वपूर्ण गुफा, मन्दिरहरु रहेका छन् । नगरकै गौरवको रुपमा रहेको जौवारीको गुफाले धार्मिक पर्यटनको सम्भावना वोकेको त्यस्तै यहाको घोर्ले झरना, साउने चुली, निमनगडी गढी आदि क्षेत्रहरु आन्तरिक तथा बाहय पर्यटनका दृष्टिले नगरको आर्थिक समृद्धिका लागि कोषे ढुगां हुने प्रष्ट छ ।

१.२ नगरको विद्यमान अवस्थाको समिक्षा

१.२.१ सवल पक्षहरु

- उत्तर तर्फ रहेका अग्ला पहाड जंगल झरना एवं ऐतिहासिक स्थलहरु पर्यटकीय गन्तव्य ।
- दक्षिण तर्फका उर्वरा भूमि बेसीहरु जस्तै सुनखानी, कोकले, हनुमान बेढी, एकले बेसी, निगुरे, खेकुवा वेसी कटहरे बेसी आदि अन्न उत्पादनका लागि अनुकुल ।
- चैनपुर, खाँदवारी तथा सभापोखरी सँग जोडिएको सडक सञ्जाल ।
- चैनपुर बाह्रविसे सडकलाई कोशी राजमार्गको एक वैकल्पिक मार्गको रुपमा विकास गर्न सकिने ।
- हाइडो पावर सञ्चालनका दृष्टिले हेर्दा सभाखोलाहरु, माछा संरक्षण क्षेत्र घोषण गरी सभाखोलामा माछा उत्पादन, बैक तथा वित्तीय संस्थाहरुको लगानी अनुकुल सुरक्षीत क्षेत्र, सामाजिक अन्तर धुलन सहितको समावेसी नगरपालिका, प्राथमिक स्वास्थ्य केन्द्रको स्थापना।

### १.२.२ कमजोर पक्षहरुः

- नगरपालिकामा वर्तमान अवस्थामा १२ महिना यातायातको असुविधा
- हेवाखोलामा हालसम्म पनि पुल नवन्नु ।
- नगरका दक्षिण क्षेत्रमा स्वच्छ खानेपानीको कहाली लाग्दो समस्य
- भरपर्दो नहर तथा कुलोको  अभाव
- शहरीकरण अवैज्ञानिक र अव्यवस्थीत हुदाँ शहरको सौन्दर्य कायम गर्न कठिन, ढलको उचित व्यवस्थापन गर्न नसक्नु
- प्राविधिक विषयको अध्यापन गर्ने शिक्षालयहरुको कमी
- व्यवस्थीत कृषि वजारको अभाव
- सवै क्षेत्रमा विजुली विद्युतीकरण नसक्नु
- पक्की सडक नहुनु

### १.२.३ अवसर

- स्थानीय तह निर्माण पश्चात नया सोच, अधिकार र जनउत्तरदायी सहितको निर्वाचित जनप्रतिनिधि तथा जागरुक नगरवासी
- नगरपालिका भित्ररहेको धार्मिक मठमन्दिर, वन, बेसी, कृषियोग्य जमिन तथा पर्यटकीय गन्तब्य
- निर्माणधिन सडक सञ्जाल ।

### १.२.४ चुनौतीहरु

- प्राविधिक सहयोग विना निर्माण गरिएका सडक सञ्जालहरु
- स्वच्छ खानेपानीको पहुच नहुनु
- सार्वजनिक जग्गा व्यवस्थापन नहुनु
- अव्यवस्थित शहरीकरण
- सिंचाईको समस्या
- हेवाखोलामा हालसम्म पुल नबन्नु
- चैनपुर वाह्रविसे सडक तथा वाना खाँदवारी सडक पक्की नहुनु
- व्यवसायिक कृषि खेती प्रणालीको अभाव

### १.३ वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धतीः

- वडा समितिको बैठक
- प्राथमिकताको छनौट
- विभिन्न समूह वडा स्तरीय समुदायहरुसँग छलफल अन्तरक्रिया गरी सुझाव संकलन ।
- वडावासी र अगुवा नागरीकको राय सुझाव
- वडा समितिको बैठकबाट योजना पारित

- नगरपालिकाको योजना तर्जुमा समितिमा वडा अध्यक्षबाट योजना प्रस्तुत
- विषयगत समितिमा छलफल र पारित
- नगर कार्यपालिकामा छलफल र पारित
- नगरसभाबाट पारित ।

१.४ आयोजना प्राथमिकिकरणका आधारहरु:

- दैनिक आवश्यक्ता सम्बन्धी समस्या समाधानमा प्राथमिकता दिइने
- सुशासनका लागि जनउत्तरदायी तथा पारदर्शी प्रशासन
- सामाजिक विकास, आर्थिक विकास, सुशासन गरिवी निवारण रोजगार मूलक र प्रविधि प्रयोग आयोजनाको छनौट ।
- सार्वजनिक सेवा प्रवाह, नगरपालिकाको संस्थागत विकास र असल शासनमा योगदान पुर्याउने ।
- दिगो विकास र पर्यटन पूर्वाधार प्रर्वद्धन गर्ने आयोजना
- राजश्व परिचालनमा योगदान पुर्याउने
- मौलिक संस्कृती तथा रहनसहनको संरक्षण र नगरको सौन्दर्य प्रवर्द्धन
- लैगिक समानता र समावेसीता कायम गर्ने ।
- शिक्षा स्वास्थ्य तथा खानेपानी क्षेत्रको विकास
- वालवाविकास युवा विकास तथा खेलकुदको विकास
- शान्ति सुरक्षा तथा दिगो सामाजिक विकास शहरी सुविधा प्रवाह
- नागरिक साझेदारीलाई प्राथमिकता
- साधन स्रोतको वाडफाडमा भौगोलिक सन्तुलन ।

अव म पाँचखपन नगरपालिकाको आगामी आ.व.२०७५।०७६ को नीति तथा कार्यक्रमको अवधारणाबारे तपशिल अनुसार केही विवरण उल्लेख गर्न चाहान्छु :

३.१ सोच

आर्थिक समबृद्धि सुशासन सहितको व्यापारिक ब्यवसायिक तथा बसोवास योग्य हरित आधुनिक नगर निर्माणको आधार तयार गर्ने ।

३.२ लक्ष्य

- सुशासन सहित भ्रष्टचार रहित नगर स्थापना ।
- सवैखाले विभेद तथा हिंसाको नियन्त्रण तथा अन्त्य गर्ने ।
- पाँचखपन नगरलाई ३ वर्ष भित्र पूर्ण साक्षर नगर वनाउने ।

- नगरवासीलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- पर्यटनका सम्भाव्य क्षेत्रलाई सडक सञ्जालसँग जोडि पर्यटन प्रवद्धन गर्ने ।
- सहकारीहरु मार्फत कृषिजन्य बस्तुहरुमा आत्मनिर्भर वन्ने ।
- नगरको विद्यालयहरुलाई गुणस्तरीय एवं वालमैत्री सिकाई केन्द्रको रुपमा स्थापित गर्ने ।
- वन तथा वाताबरणको संरक्षण गरी नगरको दिगो विकास गर्ने ।

३.३ उद्धेश्यः

- असल शासन, जनउत्तरदायी र पारदर्शी प्रशासन ।
- लैगिक समानता, न्यायपूर्ण, समावेसी र लोकतान्त्रिक संस्कारको विकास गर्ने ।
- दिगो पूर्वाधारको विकास र सडक यातयातमा सुधार गर्ने ।
- नगरको मौलिक कला, संस्कृती र पहिचान तथा भौगोलिक सौन्दर्यको प्रवर्द्धन गरी पर्यटन विकास गर्ने ।
- स्वरोजगार तालिम, उद्यमशिलता रोजगार आय आर्जन तथा आर्थिक विकासका गतिविधि बृद्धि गरी समृद्धि तर्फ अग्रसर गराउने ।
- शिक्षीत र सौर्य मुक्त जनशक्तिको विकास गराउने ।
- सामाजिक सुरक्षा र दिगो शान्तीको कार्यक्रम अघि बढाउने ।
- वन, वाताबरण संरक्षण, फोहोर मैला ब्यवस्थापनको, ठोस योजना तयार गरी विपद ब्यवस्थापनको तयारी अघि बढाउने ।
- स्थानिय तह सञ्चालननमा लागि आवश्यक नीति नियम विनियम तयार गरी लागु गर्ने ।

३.४ क्षेत्रगत नीति कार्यक्रम तथा आधारहरु

क. आर्थिक विकास

- आर्थिक गतिविधि बढाई रोजगार र आयआर्जन बृद्धि गर्ने
- स्थानिय स्रोत साधनको विकास र परिचालन गरी राजश्व बृद्धि गर्ने ।
- कृषि योग्य भूमिको उचि तथा प्रभावकारी प्रयोगमका लागि आवश्यक नीति तयार गरिने ।
- सिचाईको ब्यवस्था नभएका कृषि योग्य भूमिहरुमा सिचाईको ब्यवस्था गरिने ।
- एक क्षेत्र एक उत्पादन भन्ने कार्यक्रमलाई आगामि दिनमा आवश्यक नीति सहित कार्यान्वयन गरिने ।
- कृषि मल विउ औजार उपकरण प्रविधिमा अनुदानको ब्यवस्था गरिनेछ ।
- नगरलाई तरकारीमा आम्मानिर्भरर बनाई तरकारी फलफूल आदि निर्यात गर्ने लक्ष्यका साथ सवैखाले तरकारी खेतीलाई प्रोत्साहन गर्ने प्रविधिमा सहयोग गरिनेछ ।
- नगरलाई माछा मासु तथा दुधमा आत्मनिर्भर बनाउन माछा पालन, कुखुरा पालन, वाखा पालन, वंगुरपालन, गाइभैसी पालन आदि क्षेत्र पहिचान गरी ब्यवस्थापन गरिने ।

सहकारी संस्थालाई प्रभावकारी वनाउने उद्देश्य अनुरुप सहकारी संचालनमा नियमित अनुगमन, निरीक्षण तथा मूल्यांकन समेत गर्ने गरी नियमन गरिने छ ।

ख) सामाजिक विकास

- नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा संचालित वालविकास केन्द्रहरुलाई प्रभावकारी रुपमा संचालन गर्ने ।
- सामुदायिक विद्यालयका विव्यस तथा शिक्षक अभिभावक संघ लाई नियमित र निरन्तरताका रुपमा अभिमुखिकरण तालिमको व्यवस्था गर्ने
- विद्यालय संचालनको लागि भौतिक पूर्वाधार क्षेत्रफल शिक्षा पद्धती विद्यार्थी सहुलियत एवं जनशक्ति व्यवस्थापन सम्वन्धमा सम्वन्धित निकाय विच समन्वय गरी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने नीति अवलम्वन गरिनेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई वाल अपांग र किशोरी छात्रा मैत्री बनाउने ।
- आवश्यक नीति निर्देशिका तथा नियम बनाई संस्थागत विद्यालयहरुलाई व्यवस्थित गरिने ।
- विद्यालय भर्नादरलाई शत प्रतिशत पुऱ्याउने ।
- पाँचखपन नगरपालिकालाई पूर्ण साक्षर नगर बनाउने ।
- नेपाल सरकारले निशुल्क वितरण गर्ने औषधीहरुको सुची सम्पूर्ण स्वास्थ्य चौकीहरुमा टाँसी तोकिएका औषधीहरु उपलव्ध गराउने ।
- नगरपालिकालाई सुन्य मातृ मृत्युदर भएको नगरको रुपमा विकास गर्न सवै गर्भवती महिलाहरुलाई निशुल्क स्वास्थ्य जाँचको व्यवस्था गर्ने ।
- स्वास्थ्य स्वयं सेविकाको भूमिकालाई थप प्रभावकारी बनाउने ।
- एक घर एक धारा को नीति बनाई आवश्यक कार्यक्रमहरु योजना तर्जुमा गरी कार्यन्वयन गर्ने ।
- भूमिगत जलको उचित प्रयोगको नीति तर्जुमा गरी कार्यन्वयन गर्ने
- नगर क्षेत्र भित्रका पानीका श्रोतहरु तथा सिमसार क्षेत्रको संरक्षण एवं प्रवर्द्धन गर्ने ।
- सामुदायिक विद्यालय, सार्वजनिक स्थल, मठ मन्दिर, हाट बजार जस्ता सार्वजनिक स्थलहरुमा खानेपानीको प्रवन्ध मिलाउने ।
- नगर क्षेत्र भित्रका मठ मन्दिर, गुम्वा, घाट तथा समाधि स्थलहरुको उचित संरक्षण तथा संवर्द्धन गर्ने ।
- नगर क्षेत्र भित्र शिक्षा खेलकुद, साहित्य, कला, विज्ञान, सेवा, सहकारी, पत्रकारिता आदि क्षेत्रमा विशेष योगदान दिने व्यक्तिहरुलाई प्रोत्साहित गर्ने ।
- लोपोन्मुख वाजागाजा, संस्कृति, परम्परा आदिको संरक्षण गर्ने ।
- वाल तथा महिला स्वास्थ्य को विषयमा वाल महिला सचेतना कार्यक्रम संचालन गर्ने ।
- अपांग जेष्ठ नागरिक, एकल महिलाहरुको परिचय पत्र सुलभ तरिकावाट उपलव्ध गराउने व्यवस्था र सुरक्षा भत्ता वितरणका लागि सहज र सरल कार्यक्रम बनाइने छ ।
- दलित, सिमान्तकृत र महिलाहरुको सरकारी सेवामा पहुँच वृद्धि गर्न विशेष कार्यक्रम संचालन गरिने छ ।

- स्वस्थ्य नगरवासी, स्वस्थ्य नगर निर्माणका लागि विशेष जोड दिइनेछ।

ग) पूर्वाधार विकास

- नगरभित्र रंगशाला र खेलमैदान निर्माणको लागि प्रदेश तथा संघीय सरकार सँग समन्वय गरी निर्माण गरिनेछ।
- नगरपालिका भित्र उचित स्थानमा भ्यू टावर निर्माण गर्न स्थान पहिचान गरी कार्यरम्भ गरिने छ।
- भवन निर्माण आचार संहिता निर्माण गरी भूकम्प प्रतिरोधित भवन निर्माण कार्यमा प्रोत्साहन गर्न सिकर्मी डकर्मीहरुलाई तालिम दिने।
- वातावरण मैत्री घर निर्माण गर्न नगरवासीलाई घर नक्सा पास दस्तुरमा निश्चित रकम छुट दिने नीति अवलम्वन गरिने।
- आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण गर्ने।
- नगरको स्वामित्वमा रहेको सडक भवन लगायतका भौतिक संरचनाहरुको मर्मत संभार नियमित गर्ने।
- नगरका मूख्य सडकका आवश्यक खण्ड पाँच वर्ष भित्रमा नगरवासीको समेत सहभागितामा कालो पत्रे गर्ने।
- सम्पूर्ण सडकहरुको वर्गीकरण गरी प्राथमिकिकरणका आधारमा स्तरोन्नती गर्दै जाने।
- नगर तथा वडाका नागरिक वडापत्रहरु व्यवस्थित गर्दै जाने।
- नगरका विद्युतियकरण गर्न वाँकी रहेको सवै क्षेत्रमा विद्युतीकरण गर्ने।
- विद्युतीकरण भइ सकेको क्षेत्रमा फलामे पोलको व्यवस्था मिलाउँदै जाने।
- अव्यवस्थित विद्युत पोलहरुलाई व्यवस्थित गर्ने।

घ) वातावरण र विपत व्यवस्थापन

- विपद व्यवस्थापन कोषको स्थापना गरी विपद्मा परेका अतिविपन्न नगरवासीलाई तत्काल राहत दिने व्यवस्था मिलाउने।
- नया बन्ने सडकको दुवै तर्फ विरुवा रोप्ने र जगेर्ना गर्ने।
- सार्वजनिक स्थल, विद्यालय, स्वास्थ्य चौकी आदि क्षेत्रमा फोहोर व्यवस्थापनका लागि कन्टेनरहरुको व्यस्थापन गर्ने।
- वन फडानी, वन पैदावारको तस्करी तथा वन्यजन्तुको अवैध शिकार र तस्करीलाई पूर्ण रुपमा नियन्त्रण गर्ने।

ङ) संस्थागत तथा सेवा प्रवाह

- विषयगत तथा प्रविधिक जनशक्तिको व्यवस्था गर्ने।
- नेपालको संविधान तथा कानुन बमोजिम स्थानीय तहवाट प्रवाह गरिने, विषयगत सेवाहरुलाई प्रभावकारी जनमैत्री, जनउत्तरदायी, पारदर्शी ढंगवाट प्रवाह गरिने र सोका लागि नगरपालिका मातहतमा रहने सवै कर्मचारीहरुलाई आवश्यक तालिम प्रदान गरी दक्ष सिपयुक्त, जनमैत्री जनउरदायी र जवाफ देही बनाउने साथै कर्मचारीहरुलाई गुण र दोषका आधारमा पुरस्कार र सजायको व्यवस्था गर्ने
- विद्युतीय शुसासन E Government को अवधारणा बनाई कार्यन्वयन गर्ने।

- युवाहरुको रुची र खुवी अनुसार युवाहरुलाई अभिमुखिकरण तालिम प्रदान गरी कृषि मजदुर, सिकर्मी, डकर्मी, विद्युत प्राविधिक, प्लम्वर, कम्प्युटर जस्ता क्षेत्रमा तालिमको व्यवस्था गरी स्वरोजगार सिर्जना गर्ने ।
- नगर भित्र रहेको विद्यालयहरुको विच वार्षिक प्रतियोगतात्मक खेलकुद कार्यक्रम गरी नगर कप रनिङशिल्ड खेलकुद नियमित आयोजना गर्ने ।

च) वित्तीय व्यवस्थापन र शुसासन

- वित्तीय अनुशासन कायम गर्न शुन्य पेश्की नीति लागु गर्ने
- कर वृद्दि भन्दा करको दायरा विस्तार गर्ने नीति लिइने ।
- स्थानीय तहले कानुन अनुसार प्राप्त गर्नुपर्ने कर, दस्तुर सेवा शुल्क समयानुकुल वैज्ञानिक व्यवहारिक, नागरिक मैत्री तथा पारदर्शी नगरको समग्र आनतरिक आयमा वृद्दि गर्ने ।
- नगरवाट गरिने सम्पूर्ण ठेक्का पट्टाहरु E-BIDING मार्फत गरिने व्यवस्थाहरुलाई कडाइका साथ लागु गर्ने ।
- भ्रष्टाचारमा सुन्य शहनसिलता अपनाइने छ ।
- प्रत्येक वडामा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाइने छ ।

आदरणिय उपस्थित महानुभाबहरु !

अव म आर्थिक वर्ष ०७५।०७६ मा हुने अनुमानित आय र व्यय प्रस्तुत गर्न गइरहेको छु ।

आदरणिय उपस्थित महानुभाबहरु अव म आ.व०७५।०७६ मा हुने अनुमानित आय प्रस्तुत गर्दछु।

१).व.२०७४/७५ को वित्तिय समानिकरणबाट सञ्चित कोषमा जम्मा हुने रकम रु.३ करोड ५० लाख ७२ हजार

२) केन्द्र सरकारबाट वित्तिय समानिकरण अनुदान रु. ११ करोड ५७ लाख

३) केन्द्र सरकारबाट राजश्वको बाँडफाँड प्राप्त रकम रु. ५ करोड ४४ लाख ३८ हजार

४) सरकारबाट प्राप्त सवारीसाधनको कर राजश्वको बाँडफाँडबाट रु. ४० लाख ६६ हजार

५) प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण रु. ३३ लाख ४५ हजार

६) केन्द्र सरकारबाट प्राप्त सशर्त अनुदान रु. १० करोड ४८ लाख प्रदेश

जम्मा गरी रु.३१ करोड ७८ लाख २१ हजार अनुमान गरिएको छ । त्यस्तै आन्तरिक श्रोतवाट रु ५५,००,००० (पचपन्न लाख।- उठने अनुमान गरिएकोछ ।

उल्लेखित आयबाट व्ययभार हुनको लागि देहाय अनुसारका खर्च शीर्षकहरुमा बजेट विवियोजन स्वीकृत गरीएको छ ।

| | |
|---|---|
| क) वडा स्तरीय पुर्वाधार क्षेत्रमा | ४ करोड ९५ लाख |
| ख) वडा स्तरीय प्रशासनीक खर्च | ४५ लाख |
| ग) नगरपालिकाको चालु खर्च | ४ करोड ४७ लाख ९८ हजार |
| घ) शसर्त अनुदान खर्च ( विषयगत कार्यालय ) | १० करोड ४८ लाख |
| ङ) विषयगत कार्यालय (कृषि, पशु र महिला विकास कार्या्लय) | ७५ लाख |
| च) नगर स्तरीय पुर्वाधार क्षेत्रमा | ११ करोड १८ लाख २३ हजार |

यसरी बजेट तयार गर्दा आबश्यक सहयोग गर्नु हुने राजश्व परमार्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति समिति, कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु, राजनैतिक दलका पदाधिकारीहिरु, उद्योग बाणिज्य संघ, नगरपालिका स्थित विषयगत कार्यालयहरु, गैरसरकारी संघ संस्था, उद्योगी व्यापारी, संचारकर्मीहरु पूर्व जनप्रतिनिधहरु, उद्योगी व्यपारीहरु, लक्षित समूहका संगठित संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, शिक्षक, बुद्धिजिवी, समाजसेवी र सम्पूर्ण कर्मचारी वृतलाई म हार्दिक धन्यबाद दिदै कार्यान्यवयनका चरणमा आइ पर्ने विविध खालका समस्याहरु समाधानको लागि समेत उतिकै साथ सहयोगको अपेक्षा गर्दछु र पेश भएको यस पाँचखपन नगरपालिकाको आर्थिक ऐन, २०७५ र पाँचखपन नगरपालिकाको विनियोजन ऐन, २०७५ लाई सभामा छलफल तथा पारितका लागि पेश गरेको छु ।

**बिपिन राई**
**नगर प्रमुख**

यस पाँचखपन नगरपालिकाको आ.व. ०७४/७५ को यथार्थ आम्दानी र यथार्थ खर्चको विवरण :

**पाँचखपन नगरपालिका**
**आ.व. २०७४/०७५ यथार्थ आयको विवरण**

| क्रस | स्रोत शीर्षक | आय |
|---|---|---|
| १ | आन्तरिक आय | १,६००,०००.० |
| २ | आ.व. ०७४/७५ वाट वंक मौज्दात सरी आएको | ६,५७६,३६६.० |
| ३ | साविक वाना गा.वि.स. (पानपा ४,५,६) | २,०१७,८६४.७ |
| ४ | साविक स्याबुन गाविस (पानपा १,२ र ३) | ७५९,३३२.७ |
| ५ | साविक जलजला गाविस (पानपा ७, ८ र ९) | ३२५,८२५.२ |
| ६ | नेपाल सरकारवाट प्राप्त | |
| | क. वित्तीय समानीकरण १५४८२८०००।- | २५७,२२१,०००.० |
| | ख. शशर्त अनुदान १०२३९३०००।- | |
| ७ | प्रदेश सरकारवाट प्राप्त शशर्त अनुदान | २,२५०,०००.० |
| ८ | अन्तर सरकारी निकाय | २,५००,०००.० |
| ९ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम(LGCDP) | १,०६०,०००.० |
| १० | गरिवसँग विश्वेश्वर कार्यक्रम | ४,२९०,०००.० |
| ११ | सामाजिक सुरक्षा कार्यक्रम | २६,१२२,४००.० |
| | जम्मा | **३०४,७२२,७८८.६१** |

## पाँचखपन नगरपालिका
## आ.व. २०७४/०७५ यथार्थ व्ययको विवरण

| क्रस | स्रोत शीर्षक | व्यय |
|---|---|---|
| १ | शशर्त अनुदान खर्च | ९३,५९४,०२१.३ |
| | प्रदेश सरकार खर्च | ४,५३५,४३७.० |
| २ | कार्यालयको चालु खर्च | १५,५५५,२८२.२ |
| ३ | विषयगत कार्यालयको कार्यक्रम | |
| | क. कृषि विकास शाखा रु. ३६८४०००।- | ५,६६३,०००.० |
| | ख. पशुसेवा शाखा रु. १९७९०००।- | |
| ४ | वडा कार्यालयको प्रशासनिक खर्च | ४,०१०,८६८.० |
| ५ | वडा स्तरीय पूर्वाधार क्षेत्रमा खर्च | ४८,१६१,०३४.० |
| ६ | नगर स्तरीय पूर्वाधार क्षेत्रमा खर्च | ५७,६४५,२०४.४१ |
| ७ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम(LGCDP) | ९५९,६६७.० |
| ८ | गरिवसँग विश्वेश्वर कार्यक्रम | ४,२९०,०००.० |
| ९ | सामाजिक सुरक्षा कायृक्रम | २५,८१०,४००.० |
| १० | संचित कोष (वित्तीय समानिकरण) | ३५,०७२,०००.० |
| ११ | शशर्त अनुदान फिर्ता (प्रदेश सरकार समेत) | |
| | नेपाल सरकार - ८७९८९७८.७० | ९,०१३,५४१.७० |
| | प्रदेश सरकार - २१४५६३।०० | |
| १२ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम फिर्ता | १००,३३३.० |
| १३ | सामाजिक सुरक्षा कार्यक्रम फिर्ता | ३१२,०००.० |
| | | **३०४,७२२,७८८.६** |